

# जापानमा ट्राफिक-चिन्ह तथा ट्राफिक-मार्किङको पालना गर्नुहोला (1)

| | | | |
|---|---|---|---|
|  | मानिस तथा सवारीसाधन दुबै रोकिनु पर्छ। दायाँबायाँ दुबैतर्फ मोड्न पाइँदैन। |   | यस ट्राफिक-चिन्ह भएको स्थानमा एकक्षण रोक्नुपर्छ। |
|  | रातो ट्राफिक-लाइट भएपनि बाण चिन्हको दिशातर्फ भने अघि बढ्न पाइन्छ। |   | |
|  | सवारीसाधनले आवतजावत गर्न पाउँदैनन्। *सवारीसाधन भित्र साइकल समेत पर्छ। |   | यस ट्राफिक-चिन्ह भएको स्थानमा SLOW गरेर हाँक्नुपर्छ। *SLOW हाँक्ने मानक 10km/h वा सोभन्दा कम हुनेगर्छ, जुन तुरुन्तै रोक्न सक्ने गति हो। |
|  | दुईपाङ्ग्रे बाहेकका मोटरगाडीले आवतजावत गर्न पाउँदैनन्। |   | |
|  | हेभी मालवाहक मोटरगाडीहरूले आवतजावत गर्न पाउँदैनन्। |   | अङ्कमा सङ्केत गरिएको गतिसम्म मात्र चलाउन पाइन्छ। |
|  | मोटरगाडी निमित्तको सडक भएकोले, पैदल यात्री या साइकल, मोपेड आदिले आवतजावत गर्न पाउँदैनन्। |   | |
|  | पैदल यात्री तथा साइकल निमित्तको सडक भएकोले, त्यस बाहेकको सवारीसाधनले आवतजावत गर्न पाउँदैनन्। |  | जेब्रा क्रसिङमा, पैदल यात्रीले बाटो काट्न खोजिरहेको बेलामा एकक्षण रोकेर बाटो छोडिदिनु पर्छ। |
|  | पैदल यात्री निमित्तको सडक भएकोले, सवारीसाधनले आवतजावत गर्न पाउँदैनन्। |  | |

兵庫県警察
Hyogo Police

# जापानमा ट्राफिक-चिन्ह तथा ट्राफिक-मार्किङको पालना गर्नुहोला (2)

| | | | |
|---|---|---|---|
|  | एकतर्फी सडकमा बाण चिन्हको दिशातर्फ मात्र अघि बढ्न पाइन्छ। |  | बाण चिन्हको दिशातर्फ मात्र सवारीसाधनले अघि बढ्न पाउँछन्। |
|  | यस ट्राफिक-चिन्ह भएको दिशाबाट अगाडि बढ्न पाइँदैन। |  | दोबाटोमा आफू जान लागेको दिशा अनुरूप तोकिएको सवारीसाधन लेनबाट नै अघि बढ्नुपर्छ। |
|  | U-टर्न गर्न पाइँदैन। |  | |
|  | |   | तोकिएको सवारीसाधन विशेषको लागि छुट्याइएको लेन हो। |
|  | अगाडिको सवारीसाधनलाई ओभरटेक गर्ने बखतमा पहेँलो लाइन भन्दा दायाँ नाघेर चलाउनु हुँदैन। |   | |
|  | |  | अगाडि रेलवे क्रसिङ रहेको छ। |
|  | पार्किङ गर्न र एकक्षण रोक्न समेत पाइँदैन। |  | नजिकै स्कुल इत्यादि भएर, बच्चाहरू धेरै ओहरदोहर गर्ने बाटो हो। |
|  | पार्किङ गर्न पाइँदैन। |  | यो भन्दा अगाडि दोबाटो रहेको छ। |

兵庫県警察
Hyogo Police

# नियम पालना गरेर जापानमा सुरक्षित ड्राइभिङ (1)

### (1) बायाँतर्फबाट आवतजावत



★ जापानमा बायाँतर्फबाट आवतजावत गर्नुपर्छ। अहिलेसम्म दायाँतर्फबाट आवतजावत गर्ने राष्ट्रहरूमा ड्राइभिङ गर्दै आउनु भएका महानुभावले, दोबाटोमा गाडी मोडाउदा दायाँतर्फबाट मोडाउने गरेको पाइँन्छ तसर्थ, सावधानी अपनाउनु होला।

★ सडकको दायाँतर्फबाट कुदायो भने, ट्राफिक नियम उल्लङ्घन हुने तथा दुर्घटनाको कारक बन्न गई खतरापूर्ण हुन्छ।

### (2) सडक दुर्घटना भएमा, प्रहरीलाई अनिवार्य रूपमा रिपोर्ट गर्ने

★ सडक दुर्घटना भएमा घाइते व्यक्ति नभएपनि, अनिवार्य रूपमा प्रहरी (110)मा रिपोर्ट गर्नुहोस्। कोही घाइते भएको छ भने घाइतेलाई उद्धार गरेर, एम्बुलेन्स (119) बोलाउने र प्रहरी (110)मा रिपोर्ट गर्ने गर्नुहोस्।

★ घाइते व्यक्तिको उद्धार नगर्ने, प्रहरीमा रिपोर्ट नगर्ने गरेको खण्डमा, कडा दण्डसजायका साथसाथै, ड्राइभिङ लाइसेन्स खारेजी जस्ता कडा प्रशासनिक कारबाही हुन्छ।



### (3) मादक पदार्थ सेवन गरी ड्राइभिङ गर्न निषेध

★ रक्सी पिएको बेलामा सवारीसाधन ड्राइभिङ गर्न हुँदैन। कडा दण्डसजायका साथसाथै, ड्राइभिङ लाइसेन्स खारेजी जस्ता कडा प्रशासनिक कारबाही हुनेछ।

★ मादक पदार्थ सेवन गरेर ड्राइभिङ गर्ने डर भएको मानिसलाई, सवारीसाधन दिनु हुँदैन। साथै, मादक पदार्थ सेवन गरेको मानिसलाई ड्राइभिङको लागि अनुरोध गर्नु हुँदैन र, त्यस्तो व्यक्तिले ड्राइभिङ गरेको सवारीसाधनमा बस्नु पनि हुँदैन। यी नियमहरू उल्लङ्घन गरेको अवस्थामा समेत कडा दण्डसजाय हुनेछ।



रक्सीको ह्याङ्गओभरमा हुँदापनि पाइँदैन!

### (4) रेलवे क्रसिङमा एकक्षण रोक्ने

★ रेलवे क्रसिङमा अलार्म यन्त्र बजिरहेको नभएपनि एकक्षण रोकेर, रेलगाडी आइरहेको छ कि हेरेर मात्र पार गर्नुपर्छ।



### (5) पैदल यात्रीलाई प्राथमिकता

★ जापानमा सबैभन्दा बढी पैदल यात्रीलाई प्राथमिकता दिइन्छ। जेब्रा क्रसिङ तथा दोबाटोमा बाटो काट्न खोजिरहेका पैदल यात्री छन् भने, एकक्षण रोकेर बाटो छोडिदिने गर्नुहोला।



### (6) दोबाटोमा विशेष सावधानी

★ दोबाटोमा "(1) पैदल यात्रीलाई प्राथमिकता" "(2) दायाँ मोड्ने बेलामा सिधा जाने र बायाँ मोड्ने सवारी साधनलाई प्राथमिकता"

★ जेब्रा क्रसिङमा बाटो काटिरहेको पैदल यात्री या बाटो काट्न खोजिरहेको पैदल यात्री छन् भने, "एकक्षण रोक्ने" गर्नुपर्छ।




### (7) मोबाइल फोनको प्रयोग निषेध



★ सवारीसाधनको ड्राइभिङ गरिरहेको बखतमा, आपत्कालिन समयमा बाहेक, मोबाइल फोनमा कुरा गर्ने, स्क्रिनमा हेर्ने जस्ता क्रियाकलाप गर्न पाइँदैन।

### (8) ट्राफिक-चिन्हको अर्थ सही रूपले बुझ्ने

जापानमा तपाईंहरूको मातृराष्ट्र भन्दा फरक ट्राफिक नियम तथा ट्राफिक-चिन्हहरू रहेका छन्।




★ यस ट्राफिक-चिन्ह भएको स्थानमा अनिवार्य रूपमा एकक्षण रोकेर दायाँबायाँको सुरक्षा निश्चय गर्ने

**लाइसेन्समा म्याद राखिएको हुन्छ। नबिर्सिकन नवीकरण गर्नुहोला।**

兵庫県警察
Hyogo Police

# नियम पालना गरेर जापानमा सुरक्षित ड्राइभिङ (2)

### (9) आफूले ड्राइभिङ गर्न मिल्ने सवारीसाधनको वर्ग सम्बन्धमा थाहापाई राख्नुहोला

★ तपाईंको मातृराष्ट्रको लाइसेन्स भन्दा ड्राइभिङ गर्न मिल्ने सवारीसाधनको क्याटेगोरी फरक पर्छ।

★ ड्राइभिङ गर्न मिल्ने सवारीसाधन निश्चय गरेर मात्र ड्राइभिङ गर्नुहोला।

| | |
|---|---|
| साधारण | सिट क्षमता 10 जना वा कम<br>सवारीसाधनको कुल वजन 3,500kg भन्दा कम<br>अधिकतम लोड 2,000kg भन्दा कम |
| सेमि-मिडियम | सिट क्षमता 10 जना वा कम<br>सवारीसाधनको कुल वजन 7,500kg भन्दा कम<br>अधिकतम लोड 4,500kg भन्दा कम |
| मिडियम | सिट क्षमता 29 जना वा कम<br>सवारीसाधनको कुल वजन 11,000kg भन्दा कम<br>अधिकतम लोड 6,500kg भन्दा कम |
| हेभी | सिट क्षमता 30 जना वा माथि<br>सवारीसाधनको कुल वजन 11,000kg वा माथि<br>अधिकतम लोड 6,500kg वा माथि |
| ठूलो दुई पाङ्ग्रे सवारी साधन | सिट क्षमता 2 जना वा कम<br>इन्जिन क्षमता 400cc अथवा 20kW भन्दा बढी |
| साधारण दुई पाङ्ग्रे सवारी साधन | सिट क्षमता 2 जना वा कम<br>इन्जिन क्षमता 400cc अथवा 20kW वा सो भन्दा कम |
| गाडी तान्ने | सवारीसाधनको कुल वजन 750kg नाघ्ने<br>ट्रेलर |



*लोड परिमाण र सिट क्षमता सम्बन्धमा, सवारी जाँच प्रमाणपत्रमा हेरेर, त्यति लोड गर्न वा चढाउन मिल्ने हो कि नमिल्ने निश्चय गरेर मात्र ड्राइभिङ गर्नुहोला।



*सिद्धान्ततः लाइसेन्स लिएपछि 1 वर्षको अवधि (हाइवे सडकमा 3 वर्ष) दुईजना चढ्न मिल्दैन।






★ बस तथा ट्याक्सीको ड्राइभिङ बारेमा

- बस तथा ट्याक्सी ड्राइभिङ (पैसा लिएर मानिस ओसारपसार) गर्नका लागि, छुट्टै "टाइप 2 लाइसेन्स" आवश्यक पर्छ।
- चलाउने मोटरगाडीको प्रकार अनुसारको "टाइप 2 लाइसेन्स" आवश्यक पर्छ।
- साथै, कामको रूपमा मानिस ओसारपसार गर्ने हो भने, टाइप 2 लाइसेन्सको अतिरिक्त परिवहन ब्युरोको अनुमति आवश्यक पर्छ।




### (10) लोड गर्न मिल्ने मालसामानको आकार, लोड गर्ने विधि बारेमा निश्चय गर्नुहोला




★अनुमति आवश्यक★

**अगाडि-पछाडि**

गाडीको बडिको अगाडि-पछाडिबाट गाडीको लम्बाइको 10 भागको 1 भाग बराबरको लम्बाइ नअटेर बाहिर निस्केको अवस्थामा

**दायाँबायाँ**

गाडीको बडिको दायाँबायाँबाट गाडीको चौडाइको 10 भागको 1 भाग बराबरको चौडाइ नअटेर बाहिर निस्केको अवस्थामा

**लम्बाइ**

मोटरगाडीको लम्बाइमा उक्त लम्बाइको 10 भागको 2 भाग बराबरको लम्बाइ थप गर्दा बनेको कुल लम्बाइ भन्दा बढी भएको अवस्थामा

**चौडाइ**

गाडीको चौडाइमा उक्त चौडाइको 10 भागको 2 भाग बराबरको चौडाइ थप गर्दा बनेको कुल चौडाइ भन्दा बढी भएको अवस्थामा

**उचाइ**

जमिनदेखि लोड गरेको सामानको शीर्षसम्मको उचाइ 3.8 मिटर (हलुका चार पाङ्ग्रे र तीन पाङ्ग्रे मोटरगाडीको हकमा 2.5 मिटर) भन्दा बढी भएको अवस्थामा

★ ट्रकमा मालसामान लोड गर्दा, त्यसको आकार तथा लोड गर्ने तरिकामा केही हदबन्दी लगाइका हुन्छन्।

★ छुट्याउन-टुक्र्याउन नमिल्ने कार्गो भएर, लोड गरेको सामानको वजन, आकार तथा लोड गर्ने विधिको हदबन्दी नाघ्न जाने अवस्थामा, हदबन्दी भन्दा बढी लोड गरेर सवारीसाधन ड्राइभिङ गर्ने व्यक्तिले, प्रस्थान स्थलको क्षेत्राधिकार पाएका प्रहरी विभाग प्रमुखको अनुमति लिनुपर्छ।



**ट्राफिक नियम उल्लङ्घन गर्दा या सडक दुर्घटना घटाउँदा दण्डसजाय हुन्छ।**

兵庫県警察
Hyogo Police